३१औँ वार्षिक प्रतिवेदन - आ.व. २०७९/०८०

# TIMELESS TRUST



HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

31st ANNUAL REPORT 2022-023

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

शेयरधनी महानुभावहरू,

**विषय: विवरण (माइन्यूट)**

महाशय,

मिति २०८० साल पौष २९ गते आइतबार सम्पन्न भएको यस बैंकको एकतीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

## हिमालयन बैंक लिमिटेड
# एकतीसौं (३१) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**

हिमालयन बैंक लिमिटेडको २०८० पौष ५ गते बसेको संचालक समितिको ४४७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको एकतीसौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०८० साल पौष २९ गते आइतबार (तदनुसार १४ जनवरी २०२४)

समय : बिहान ९:०० बजे

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम :**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानून बमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०८०/०९/०८ र आर्थिक अभियान दैनिकमा मिति २०७९/०९/०९ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो । यसका साथै सो सूचना विद्युतीय सञ्चार माध्यम एस.एम.एस. तथा Viber को माध्यमबाट समेत जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूची :**

क) <u>सामान्य प्रस्ताव</u>

१) एकतीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू - श्री हिमालयन क्यापिटल लि. र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्ने,

३) संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ५ (पाँच) को निर्वाचन,

४) साधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचन,

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने,

## ख) विशेष प्रस्ताव

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने । थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरी जारी हुने शेयरको प्रिमियम सहितको मूल्य निर्धारण गर्न, थप सार्वजनिक निष्काशन (Further Public Offering) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी कायम गर्न र थप सार्वजनिक निष्काशन भए पश्चात् बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थागत शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने,

२) बैंकले आर्थिक वर्ष २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ३,३३,१७,७६०.४१ (तीन करोड तेत्तीस लाख सत्र हजार सात सय साठी रूपैया एकचालिस पैसा मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको वा हुने संशोधनको लागि नियमनकारी निकायहरूबाट स्वीकृति लिँदा वा अभिलेख गर्दा गराउँदा सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अधिकार दिने,

ग) <u>विविध,</u>

## ५. उपस्थिति :

**५.१. संचालकहरू :**

| | |
|---|---|
| १. श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. श्री जितेन्द्र धिताल | संचालक |
| ३. श्री सुनिल बहादुर थापा | संचालक |
| ४. श्री आशिष शर्मा | संचालक |

**५.२. पर्यवेक्षक :**

| | |
|---|---|
| १. श्री अर्जुन खड्का | प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री श्रीराम पौडेल | प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. श्री कुलचन्द्र रिजाल | प्रतिनिधि – नेपाल स्टक एक्स्चेन्ज |

**५.३. लेखापरीक्षक :**

१. श्री प्रदिप लामा प्रतिनिधि, जि पि राजबाहाक एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स

**५.४. निर्वाचन अधिकृत :**

१. श्री रमेश सापकोटा निर्वाचन अधिकृत

**५.५. बैंक उच्चपदस्थ पदाधिकारीहरू :**

| | |
|---|---|
| १. श्री अशोक शम्सेर राणा | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री उज्वल राज राजभण्डारी | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री अनुप मास्के | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री विपिन हाडा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री सुनिल प्रसाद गोर्खाली | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. श्री सतिश राज जोशी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ७. श्री विजय मान नकर्मी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ७. श्री मृगेन्द्र प्रधान | सहायक प्रमुख कार्यकारी अधिकृत |

**५.६. शेयरधनीहरूको उपस्थिति तथा गणपुरक संख्या :**

३१ औ वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको संख्या तथा साधारण सभामा भएको शेयरधनीको प्रतिनिधित्वको विवरण

| विवरण | कुल शेयर संख्या | ३१ औ वार्षिक साधारण सभामा उपस्थिति | | |
|---|---|---|---|---|
| | | शेयर संख्या | सभामा कुल शेयरको प्रतिनिधित्व | शेयर धनीहरुको उपस्थित संख्या |
| **संस्थापक समुह** (७२.९९%) | १५,८०,६९,९०१ | १२,७७,०८,३५७.५७ | ५८.९७% | ३९ |
| **सर्वसाधारण समुह** (२७.०१%) | ५,८४,९६,२५६ | १,४५,४५,१११.३६ | ६.७२% | १,७८२ |
| **कुल** | **२१,६५,६६,१५७** | **१४,२२,५३,४६८.९३** | **६५.६९%** | **१८२१** |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६) सभाको वैधानिकता र अध्यक्षताः

साधारण सभा शुरू हुनु अघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानुन अनुसार बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिँदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

## ७) सभा संचालन :

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभा तथा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले सबैको स्वागत गर्दै एकतीसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । सो सभामा उपस्थित बैंकका अध्यक्षज्यू, संचालक समितिका सबै सदस्यज्यूहरू, बैंकका प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका उच्चपदस्थका तथा अन्य कर्मचारीहरू र शेयरधनी महानुभावहरूलाई सम्बोधन गर्दै तदनुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

**सर्वसाधारण शेयरधनीहरु**

१) श्री शत्रुधन श्रेष्ठ

२) श्री नरसिंहलाल चखु

३) श्री ब्रम्हदेब शाक्य

४) श्री सुदिप श्रेष्ठ

५) श्री उत्तम दत्त पाण्डे

६) श्री व्यास कुमार शर्मा

७) श्री गुण राज भट्ट

८) श्री अंग राज भारती

९) श्री अमिर दास रञ्जीत

## ८) शेयरधनीहरूबाट व्यक्त जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

### ८.१ श्री शत्रुधन श्रेष्ठ

गत सालसम्म राम्रो प्रतिफल दिन सफल भइरहेको हिमालयन बैंकले यसपाली प्रतिफल दिन नसक्दा शेयरधनी निराश भएका छन् । हिमालयन बैंकले सिभिल बैंकलाई प्राप्ति गरे पछि बैंकको शेयर संख्या वृद्धि भएको कारण बजारमा हिमालयन बैंकको शेयर संख्या बढी भइ supply बढेको र शेयरको मूल्य घट्न गएको छ । यसै गरी सिभिल बैंकलाई प्राप्ति गरे पछि बैंकको NPL धेरै बढेको छ । बैंकले कर्जा त प्रवाह गरेको छ तर कर्जा असुलीमा धेरै पछाडि परेको छ जसले गर्दा Loan Loss Provisioning मा बैंकले धेरै रकम छुट्याउन परेको छ र शेयरधनीको हात खाली गर्नुभएको छ । आउँदा दिनमा बैंकले कर्जा असुली तर्फ विशेष ध्यान पुऱ्याओस् । प्राप्ति पश्चात् बैंकको १७६ शाखा, २६४ ATM, र नयाँ प्रविधियुक्त ७ वटा Cash Recycler Machine संचालनमा ल्याएको हुँदा अध्यक्ष महोदयलाई धन्यबाद ज्ञापन गर्दछु । आगामी दिनहरूमा पनि आधुनिक तथा प्रविधियुक्त बैंकको रूपमा ग्राहक माझ यस बैंकले आफूलाई चिनाउन सकोस् भन्दै यस बैंकको साधारण सभाको सफलताको कामना गर्दछु । धन्यवाद ।

### ८.२ श्री नरसिंहलाल चखु

समग्रमा भन्दा हिमालयन बैंक प्रगति तर्फ नै उन्मुख छ । बैंकको समग्र आर्थिक परिसुचकहरूमा प्रतिकूलताका बावजुद पनि राम्रै छन् । हामीले श्रोत परिचालनमा विशेष ध्यान दिन जरूरी छ । NPL र विदेशी मुद्रा व्यवस्थापनमा हाम्रो कमजोरी देखिएको छ । त्यसलाई आगामी दिनहरूमा सुधार्न जरूरी छ । सुशासनमा चनाखो हुनुपर्ने आवश्यकता बोध हुन्छ । बैंकका कर्मचारीहरूको प्रोत्साहनका लागि बैंक व्यवस्थापन तथा संचालक समितिले विशेष ध्यान दिएर कर्मचारीहरूको क्षमता बढाउन पर्छ भन्दै अन्त्यमा यस बैंकको प्रगतिका लागि कामना गर्दछु । धन्यवाद ।

### ८.३ श्री ब्रम्हदेव शाक्य

सर्वप्रथम त नेपाल राष्ट्र बैंकका प्रथम गर्भनर तथा यस बैंकका पूर्व अध्यक्ष स्व. हिमालय शम्सेर राणा प्रति श्रद्धा सुमन अर्पण गर्दछु । हिमालयन बैंकले सिभिल बैंकलाई प्राप्ति गरी चुक्ता पूँजी बढाउनका साथै निक्षेप तथा कर्जा लगानीमा वृद्धि गर्न सफल भएता पनि NPL ४.९३% भएको कारणले LLP को व्यवस्था गर्न परेको हुनाले यस सभामा लाभांश प्रस्ताव गर्न नसकेको प्रतिवेदनबाट प्रस्ट हुन्छ । बैंकले लाभांश प्रस्ताव गर्न नसकेकोमा शेयरधनीहरू निराश छन् । विगतबाट पाठ सिक्दै आगामी दिनहरूमा थप

प्रगति गर्न तर्फ बैंक व्यवस्थापन र संचालक समिति दत्तचित्त भएर लाग्न जरूरी छ । बैंकका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतका सन्देशले बैंक आफ्नो मान्यतामा प्रतिबद्ध रहेको र राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिहरूका कारण उत्पन्न भएको जोखिमहरूलाई व्यवस्थापन गरी बैंकलाई अघि बढाउने प्रतिबद्धता दर्शाउँछ । बैंकिङ्ग क्षेत्रबाट उत्पादन र रोजगारीमा पर्याप्त मद्दत नपुऱ्याएको हुँदा उत्पादन वृद्धि र रोजगारी श्रृजना गर्नका लागि सो क्षेत्रमा कर्जा प्रबाह गर्न पहल गर्नुपर्ने तिर जोड दिन चाहन्छु । यसले बैंकको साथै सिङ्गो देशको पनि हित हुने कुरामा प्रकाश पार्दै यस सभाबाट बिदा माग्छु । धन्यवाद ।

## ८.४ श्री सुदिप श्रेष्ठ

यस बैंकको शेयरधनी भएको नाताले मलाई बैंकको NPL बढेको प्रति अत्यन्तै चिन्तित् तुल्याएको जानकारी गराउन चाहन्छु । आगामी दिनहरूमा बढ्दो NPL लाई ध्यानमा राखी शेयरधनीहरूलाई आकर्षक प्रतिफल दिन सक्ने गरी काम गर्न वा अघि बढ्न सुझाव दिन चाहन्छु । यसै गरी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विभिन्न क्रियाकलाप गर्दै आएको र भविष्यमा पनि समाजको भलो हुने कार्यहरूलाई मध्यनजर गर्दै यसलाई निरन्तरता दिनुहुन आग्रह गर्दछु । यसै गरी बैंकका प्रथम गभर्नर स्व. हिमालय शम्सेर राणा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

## ८.५ श्री उत्तमदत्त पाण्डे

राष्ट्रिय अर्थतन्त्र र अन्तराष्ट्रिय परिवेशमा आएको मन्दीको मारबाट हाम्रो बैंक पनि अछुतो  रहेन । त्यसैको परिणाम स्वरूप यस वर्ष बैंकले हामी शेयरधनीहरूलाई लाभांश बाढ्न असफल रह्यो । यति मात्र नभई बैंकले आगामी दिनहरूमा कर्जा असुलीमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यसै गरी FPO निष्कासनले सर्वसाधारण शेयरधनीहरूको शेयर स्वामित्व बढ्ने हुँदा खुशी लागेको छ ।

## ८.६ श्री व्यास कुमार शर्मा

कोभिडले थिलथिलो बनाएको नेपालको समग्र अवस्थाले बैंकको उन्नतिलाई अबरोध पुऱ्याएको छ । बैंकले आफ्ना शेयरधनीहरूलाई लाभांश दिन नसकेको एक कारण भनेको अन्तराष्ट्रिय आर्थिक मन्दीको प्रभाव पनि हो । जे–जस्तो भएता पनि असाधारण राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिमा पनि बैंकलाई धेरै असर नपरेको तथा बैंकलाई जोगाउन सफल हुनु ठूलो कुरा हो । यसले हामी खुशी छौं । आगामी वर्षहरूमा प्रगति गर्दै फेरी हामी पुरानै अवस्थामा पुग्न सक्छौँ भन्ने आशा गर्दछु । हाम्रो वित्तीय सूचकहरू पनि खासै खराब छैनन् । बैकको रिजर्भ पनि राम्रो छ । साधारणसभाको सफलताको कामना गर्दछु ।

## ८.७ श्री गुणराज भट्ट

NPL बढेकोले शेयरधनीहरूलाई लाभांश दिन नसकेको हो । नेपालको सडकमा बैंकको ऋण तिर्नुपर्दैन भन्दै उक्साएर आन्दोलन गराउनेको बिगबिगी बढ्यो । त्यसले पनि केही हदसम्म बैंकलाई असर गर्‍यो होला भन्ने मलाई लाग्छ । बैंकले हालको समयमा कर्जा असुली तिर विशेष ध्यान दिन जरूरी छ । बैंकले गुणस्तरीय कर्जा प्रदान गर्न एकदमै जरूरी छ । गुणस्तरीय कर्जा प्रदान गर्नाले बैंकलाई भविष्यमा कर्जा असुलीमा सहज बनाउने हुँदा प्रक्रिया पुर्‍याएर कर्जा प्रदान गर्न जरूरी छ । यसै गरी बैंकको आर्थिक प्रगतिमा बैंकको कर्मचारीहरूको ठूलो भूमिका हुने हुँदा बैंकले कर्मचारीहरूको वृत्ति विकासका लागि बैंकका संचालक समिति लगायत बैंक व्यवस्थापनले गम्भिरतापूर्वक सोच विचार गर्नुपर्दछ । यसका साथै यस सभा समक्ष बैंकले पेश गर्न गइरहेको FPO सम्बन्धी विशेष प्रस्ताव स्वागत योग्य रहेको छ ।

## ८.८ श्री अंगराज भारती

बैंक प्रति यहाँ उपस्थित सबैको धेरै राम्रा राम्रो कुरा सुने । संस्थापक सदस्य र पहिलो गभर्नर प्रति मेरो श्रद्धाञ्जली छ । अघि अध्यक्षज्यूले यस वर्ष बोनस वितरण गर्न नसकेको भनिरहदा म एक जनाले मात्र ताली बजाएर व्यङ्ग्य गरे । हिमालयन बैंकबाट समय–समयमा मैले प्राप्त गरेको विभिन्न विवरण र तपाईहरूको हातमा रहेको वार्षिक प्रतिवेदनको विवरण फरक रहेको छ । समय–समयमा बैंकले छाप लगाएर मलाई दिएको विवरण हेर्दा हिमालयन बैंकमा रू. ११ अर्बको हिसाब मिलान स्पष्ट नभएको देखिन्छ । यदि यस्तो गडबड नभएको भए आजको मितिमा बैंकले रू ५ अर्बको बोनस बाढ्न सफल हुन्थ्यो । यो मेरो अध्ययनले बताउँछ । बैंकको शेयरधनी भएको नाताले के कारणले यस्तो हिसाब मिलान स्पष्ट नभएको हो भन्ने बारे जानकरी लिन र छलफल गर्न बैंकका अध्यक्षलाई मिति २०७९/०७/१४ गते पत्र समेत लेखेको जानकारी गराउन चाहन्छु । यसै गरी कर्मचारी संचय कोषका प्रशासक तथा बैंकका संचालक जितेन्द्र धितालसंग पनि भेट्ने प्रयास गर्दा पनि मलाई समय दिन नसक्नु भएकोमा दुःख व्यक्त गर्न चाहन्छु । मैले अहिले भनेको कुरामा म आफै गलत हुन सक्छु त्यसैले यस बारे जोसंग पनि छलफल गर्न म तयार रहेको पनि जानकारी दिन चाहन्छु । बैंकमा बचतकर्ताले विश्वास गरी जम्मा गरेको रकमको सही उपयोग हुन जरूरी छ ।

## ८.९ श्री अमिर दास रञ्जीत

आगामी दिनहरूमा बैंकले पौषको अन्त्य सम्म नपर्खी समयमा नै अडिट सम्बन्धी सम्पूर्ण कार्य सकाई साधारणसभा गर्न सुझाब दिन चाहन्छु । यसरी अन्तिम समयमा धेरै संस्थाहरूको साधारणसभा जुध्ने भएको हुनाले शेयरधनीहरूले पनि पर्याप्त समय दिन पाउँदैनन् । यस वर्ष मर्जर वा प्राप्ति प्रक्रियामा गएका बैंकहरू मध्ये यस बैंकको

अवस्था राम्रो छ । नेपाल राष्ट्र बैंकले जारी गर्दै अएको विभिन्न नीति तथा सिभिल बैंकलाई प्राप्ति गर्दा तिर्नुपरेको करले गर्दा बैंकले यस वर्ष शेयरधनीहरूलाई लाभांश दिन सकेको छैन । आगामी वर्षका लागि भने हामी आशावादी छौँ ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश :

सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरू तथा श्री दिवाकर खड्का, श्री भक्ति प्रसाद उप्रेती, श्रीमती गंगा देवी उप्रेती, श्रीमती हीमा देवी ओली र श्री चन्द्र नारायण श्रेष्ठले लिखितरूपमा बुझाउनु भएका आफ्ना सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो र उहाँहरूद्वारा औल्याइएका कमी कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजाने तथा उहाँहरूले दिनुभएका अमूल्य सुझावहरूको क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो ।

यसका साथै बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकले श्री अंगराज भारतीलाई आवश्यक विवरणहरू कानून बमोजिम प्रदान गरिरहेको र त्यसमा उहाँले केही स्पष्टता खोज्नु भएको भए बैंक व्यवस्थापन सो जानकारी गराउन तयार रहेको जानकारी गराउँदा पनि निजले बारम्बार चाहिने भन्दा बढी विवरणहरू माग गर्नुभइ बैंकलाई दुःख दिएको बताउनुभयो । यसै गरी श्री भारतीले राजस्वमा पनि हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत र नेपाल राष्ट्र बैंकका गभर्नरको शेयर भएको हुनाले Deprived Sector र Priority Sector मा कर्जा नदिए पनि बैंकलाई कुनै पनि जरिवाना नतिराएको र राजस्व छली गरेको भनेर उजुरी दिनुभएको पनि जानकारी दिनुभयो । श्री राणाले बैंकका शेयरधनी भएर राम्रो सुझाव दिनुको सट्टा उल्टै बैंकको बदनामी र बैंकलाई गाली गर्दै हिड्ने प्रवृति ठीक नभएको बताउनु भयो । तर सभा सामु खाली आफ्नो तर्क राखेर जवाफ नसुनी हिड्नु भएकोले अन्य शेयरधनीहरूको श्री भारती संग भेट भएमा वहाँलाई जवाफ सुनाइदिन आग्रह गर्नुभयो ।

सभामा बैंकका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

- Staff Retention, कर्मचारी सुबिधा तथा खर्च सम्बन्धमा संचालक समिति र बैंक व्यवस्थापन सदा सजक रहेको जानकारी गराउँन चाहन्छु । बैंकले प्रदान गर्ने तलब सुबिधामा समेत समय सापेक्ष परिमार्जन गर्ने गरिएको छ । बैंकले प्रदान गर्दै आएको तलब सुबिधा बैंकिङ्ग क्षेत्रमा नै उदाहरणीय मध्येको एक भएको तथ्य समेत यहाँहरूलाई अवगत गराउन चाहन्छु । साथै विभिन्न in-house, स्वदेशी तथा विदेशी तालिम तथा गोष्ठीहरूको अवसर प्रदान गरी कर्मचारीहरूको वृत्ति विकास गर्नुका साथै मनोबल समेत उच्च राख्ने नीति बैंकको रहेको छ ।
- Corporate Social Responsibility (CSR) सम्बन्धमा बैंक स्थापनाकाल देखि नै सजक रहदै अएको छ । यस अनुरूप विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न

सामाजिक संस्था तथा कार्यहरूमा समय-समयमा सहयोग गर्दै अएको छ र भविष्यमा पनि यस्ता कार्यहरू जारी नै राखिने प्रतिवद्धता जनाउन चाहन्छु । समिक्षा वर्षमा CSR अन्तर्गत बैंकले रू. ३ करोड ३३ लाख १७ हजार ७६० रूपैयाँ ४१ पैसा खर्च गरेको छ । यस सम्बन्धमा आगामी दिनहरूमा शेयरधनी महानुभावहरूले औल्याउनु भएका क्षेत्र तथा सुझावलाई समेटिने छ । यस सम्बन्धित विवरण विस्तृत रूपमा बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको जानकारी गराउँदछु ।

– आ.व. २०७९/८० मा बोनस शेयर तथा लाभांश दिन नसके पनि आ.व. २०८०/८१ मा कर्जा नोक्सानी व्यवस्थापन रकम फिर्ता लगायत अन्य आम्दानीमा समेत सुधार गरी यहाँहरूलाई पहिले जस्तै आकर्षक लाभांश दिने कुरामा विश्वस्त पार्न चाहन्छौं । तत्कालिन सिभिल बैंकको प्राप्ति पश्चात् शेयर पूँजीमा भएको परिवर्तन बापतको रू. १ अर्ब ८७ करोड रकम Capital Reserve मा राखिएको छ । सो रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर भविष्यमा वितरण गर्न सकिने कुरामा पनि प्रकाश पार्न चाहन्छु ।

– सिभिल बैंकको प्राप्ति पछि यस बैंकको सर्वसाधारण शेयर स्वामित्व २७.०१% भएको र नियमानुसार न्यूनतम ३०% हुनुपर्ने भएकोले FPO को प्रस्ताव अघि सारेका छौं । यहाँहरूको समर्थन पछि उपयुक्त समयमा FPO जारी गरिने जानकारी गराउँदछु ।

– अहिले सबै बैंकमा आर्थिक मन्दीले गर्दा बैंकहरूको portfolio मा stress श्रृजना भएको छ । बैंकले कर्जा असुलीको लागि धेरै ताकेता गरिरहेको जानकारी गराउन चाहन्छु । बैंक एक त NBA book गरेर कर्जा असुली गर्ने तर्फ लागिरहेको छ भने अर्को तर्फ Task Force नै बनाएर यस्ता कर्जाहरूको निरन्तर सुक्ष्म निगरानी गरिरहेको पनि यहाँहरूलाई जानकारी गराउँदछु । हाल यो समस्या हिमालयन बैंकको मात्र नभई सम्पूर्ण नेपाली बैंकिङ्ग क्षेत्र कै रहेको छ । खासमा बैंकको नाफा Loan Loss Provisioning गर्नु अगाडि रू. ६.८९ अर्ब रहेको थियो । बैंकको carried forward घाटा र provisioning ले गर्दा यस आ.व. बैंकले लाभांश प्रस्ताव गर्न नसकेको हो ।

- समिक्षा वर्षमा बजारमा विद्यमान Liquidity crunch ले गर्दा बैंकले ब्याजदर बढाउन परेको, बैंकको Deposit Composition मा Fixed Deposit बढेको हुँदा Cost of Fund मा वृद्धि भएको छ । हाल भने बैंकको ब्याजदर घट्ने क्रम जारी छ ।

**१०. निर्णयहरू :**

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम निम्न प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्दै ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध गर्नुभयो ।

## क) सामान्य प्रस्ताव

१) एकतीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू – श्री हिमालयन क्यापिटल लि. र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) सर्वसम्मतिले पारित भयो ।

३) संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ५ (पाँच) को निर्वाचन कार्यक्रम रहेकोमा आभा इन्टरनेस्नलको तर्फबाट श्री सुनिल बहादुर थापा, कर्मचारी संचय कोषका तर्फबाट श्री जितेन्द्र धिताल, एन ट्रेडिङ्ग कम्पनी प्रा. लि. का तर्फबाट श्री प्रचण्ड बहादुर श्रेष्ठ, हबिब बैंक लिमिटेडका तर्फबाट श्री फरहान तलिब र म्युचुवल ट्रेडिङ्गका तर्फबाट श्री प्रताप जङ्ग पाण्डे निर्विरोध निर्वाचित हुनुभएको तथ्य निर्वाचन अधिकृत श्री रमेश सापकोटाले जानकारी गराउनुभयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) साधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचन कार्यक्रम रहेकोमा सर्वसाधारण शेयरधनीका तर्फबाट श्री आशिष शर्मा निर्विरोध निवाचित हुनुभएको तथ्य निर्वाचन अधिकृत श्री रमेश सापकोटाले जानकारी गराउनुभयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

बैंकका नयाँ संचालक समितिलाई बधाई दिँदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै निर्वाचन अधिकृत श्री रमेश सापकोटाले नव निर्वाचित संचालकहरूलाई सभामा संचालकको पदको सपथ ग्रहण गराउनुभयो ।

५) अध्यक्षज्यूको अनुमतिमा लेखा परिक्षण समितिका संयोजक श्री जितेन्द्र धितालले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षण कार्यका लागि लेखापरिक्षक CA Ranjeev & Associates लाई बैंकको लेखा परिक्षणमा नियुक्त गर्ने सो कार्यको सिलसिलामा भइपरि आउने यातायात लगायतमा सम्पूर्ण खर्चहरू समेत गरी कुल रू. २५ लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्तावमा ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

## ख) विशेष प्रस्ताव

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा (हाल संस्थापक तथा सर्वसाधारणको शेयर अनुपात ७२.९९:२७.०१ भएकोमा) आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने । थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्ने र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरी जारी हुने शेयरको प्रिमियम सहितको मुल्य निर्धारण गर्ने, थप सार्वजनिक निष्काशन (Further Public Offering) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्तापूँजी कायम गर्ने र थप सार्वजनिक निष्काशन भए पश्चात् बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थागत शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२) बैंकले आर्थिक वर्ष २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ३,३३,१७,७६०.४१ (तीन करोड तेत्तीस लाख सत्र हजार सात सय साठी रूपैया एकचालिस पैसा मात्र) अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको वा हुने संशोधनको लागि नियमनकारी निकायहरूबाट स्वीकृति लिँदा वा अभिलेख गर्दा गराउँदा सामान्य हेरफेर गर्ने, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्ने, दाखिला गर्ने र अभिलेख गराई लिन समेत संचालक समितिलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।**

## ११. धन्यवाद ज्ञापनः

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरू प्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन :

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले एकतीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| (विपिन हाडा)<br>कम्पनी सचिव | (प्रचण्ड बहादुर श्रेष्ठ)<br>अध्यक्ष |

# केन्द्रीय कार्यालय

कमलादी, काठमाडौं
बाग्मती प्रदेश
फोन नं : ०१-५९७१३४६

## कोशी प्रदेशका शाखाहरु :

अर्जुनधारा
भद्रपुर
विराटचोक
विराटनगर
विराटनगर (२)
विर्तामोड
विर्तामोड (२)
दमक
दमक (२)
धरान
धरान (२)
दुधे
दुहबी
गाईघाट
हिले
हिलिहाङ्ग
ईटहरी
ईटहरी (२)
माडी
माईजोगमाई
ओखलढुङ्गा
फिदीम
पुष्पलाल चोक
रबी मिक्लजुङ्ग
सुनवर्सी
सुरुङ्गा
उर्लावारी
याङवरक

## मधेश प्रदेशका शाखाहरु :

बारागढी
बर्दिवास
वीरगञ्ज
वीरगञ्ज (२)
चन्द्रपुर
ढल्केवर
धनगढीमाई
धनकौल
गञ्जभवानीपूर
गरुडा
गोलबजार
जनकपुर
जनकपुर (२)
जितपुर (सिमरा)
कलैया
लाहान
मलङ्गवा
निजगढ
पकाह मैनपुर
प्रसौनी
सुवर्ण

## वागमती प्रदेशका शाखाहरु :

ठमेल
सि.टि.सि सुन्धारा
अनामनगर
अत्तरखेल
वनेपा
वनेपा (२)
बाङ्गेमुडा
बाह्रबिसे
बत्तिसपुतली
बेत्रावती
भैसेपाटी
भक्तपुर
भिमसेनस्थान
बौद्ध
चाबहिल
चाबहिल (२)
चरीकोट
दौवहाल
धादिङ्ग
धुलिखेल
डिल्लीबजार
गौरीशकंर
गोंगबु
गोठाटार
हेटौंडा
हेटौंडा (२)
जावलाखेल
झम्सिखेल
कलंकी
कमलादी
कपन
कौशलटार
खुरखुरे
खुर्कोट
किर्तिपुर
कुलेश्वर
कुमारीपाटी
महाराजगञ्ज

मेलम्ची
मध्य बानेश्वर
म्यागङ्
नखीपोट
नारायणगढ
भरतपुर
नयाँ बानेश्वर
नयाँ बानेश्वर (२)
न्यूरोड
न्यूरोड (२)
पार्वतीपुर
पर्सा
पाटन
पाटन सुन्धारा
पुतलीसडक
सामाखुशी
साँखु
सातदोवाटो
सिन्धुली
सोह्रखुट्टे
सुकेधारा
सूर्यविनायक
स्वंयम्भू (हलचोक)
स्वंयम्भू (साना भऱ्याँङ)
टाँडी
तारकेश्वर
टेकु
टोखा
त्रिपुरेश्वर
त्रिशुली

## गण्डकी प्रदेशका शाखाहरु :

पोखरा (न्यूरोड)
पोखरा (रामबजार)
पोखरा (सभागृह चोक)
लामाचौर
शिवचोक
आरुघाट
बाग्लुङ्ग
बेशीशहर
भुलभुले
दमौली
धार्चे
गौडा
गोरखा
कावासोती
कावासोती (२)
लेखनाथ
मालिङ्ग
रैनास

## लुम्बिनी प्रदेशका शाखाहरु :

भैरहवा
भैरहवा (२)
बिजुवार
बुटवल
बुटवल (२)
घोराही
कपिलवस्तु (जितपूर)
कोहलपूर
लालमटिया
लमही
माण्डवी
मणीग्राम
नेपालगञ्ज
नेपालगञ्ज (२)
पाल्पा
राप्तीसोनारी
सितला बजार
सुनवल
ठाकुरद्धारा
तुलसीपुर
तुलसीपुर (२)

## कर्णाली प्रदेशका शाखाहरु :

भैरवी
छिन्चु
कुमाख
मुसिकोट
सल्यान
जाजरकोट (शिवालय)
सुर्खेत

## सुदुरपश्चिम प्रदेशका शाखाहरु :

आदर्श
अत्तरीया
बान्नीगढी जयगढ
भजनी
छेडेदह
धनगढी
धनगढी (२)
जगन्नाथ
जानकी
लम्की
महेन्द्रनगर
स्वामीकार्तिक
टिकापुर

## विस्तारीत काउन्टर

वाणिज्य विभाग ववहरमहल
विराटचोक (कर कार्यालय)
देवदह
फिक्कल

गढिया
गंगालाल
गौरीघाट
भैरहवा
हर्नामडी हेटौँडा
ककनी
खैरहनी (कर कार्यालय)
लुम्बिनी मेडिकल कलेज
ओखलढुङ्गा (कर कार्यालय)
राप्तीसोनारी
रुम्जाटार (यातायात विभाग)
सिनम
तौलिहवा (कर कार्यालय)
त्रिशुली (जिल्ला अस्पताल)
टि.यू. टिचिङ्ग हस्पिटल
यातायात कार्यालय एकान्तकुना
कान्ति बाल अस्पताल

## कल सेन्टर

सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाडौं
बाग्मती प्रदेश
फोन नं : ०१-५९७००८९

## प्रतिनिधि कार्यालय

वीस्मा मरान - दोस्रो तल्ला
क्वाला लम्पुर, मलेसिया
फोन नं : +६०३२०२२३६६४

## कार्ड सेन्टर

कमलादी, काठमाडौं
बाग्मती प्रदेश
फोन नं : ०१-४२४५९७९, ०१-४२४५९७१, ०१-५९७१३६३
भाइबर नं : ९८०३५६०८३८
टोल फ्री नं : १६६००११२०००

## रेमिट्यान्स सेन्टर

कमलादी, काठमाडौं
बाग्मती प्रदेश
फोन नं : ०१-५९७१३४६
टोल फ्री नं : १६६००१११०००

Corporate Office, Kamaladi, Kathmandu
Ph. No.: 01-5971346, P.O. Box: 20590

www.himalayanbank.com
himal@himalayanbank.com
himalayanbankltd
@himalayanbanknp
Himalayan Bank (Viber)
Himalayan Bank Ltd.